# लागू औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाडौं

ई-बुलेटिन

वर्ष २. अंक ३, असार, २०७७ (त्रैमासिक)

## "Better knowledge for Better care"






# सल्लाहकार



**कार्यालय प्रमुख**

**प्र.व.उ. दिलिप कुमार चौधरी**

## सम्पादक मण्डल



प्र.उ. कृष्ण कुमार महत

**प्रधान सम्पादक**



प्र.ना.उ. प्रेम बहादुर शाही



प्र.ना.उ. फणिन्द्र प्रसाई



प्र.नि. प्रदिप महत



प्र.नि. सुनिल श्रेष्ठ



प्र.ना.नि.लोकेन्द्र कुमार रावल



प्र.ना.नि. जगत ब. बस्नेत



## सम्पादकीय


लागू औषधको समस्या आज विश्व समुदायका लागि एक चूनौती बनेको छ। यसले मानवजाती लागि गम्भीर समस्या उत्पन्न गरेको छ भने यसको अबैध खेती, उत्पादन, खरिद बिक्रि, संचय, ओसारपसार र प्रयोगले समाजको सुरक्षा र विकाससँग सम्बन्धित मुद्दाहरुमा समेत गहिरो प्रभाव पारिरहेको छ। यसै सन्दर्भमा लागू औषधको अबैध खेती, उत्पादन, खरिद बिक्रि, संचय,ओसारपसार र प्रयोगलाई नियन्त्रण गर्न आबश्यक प्रहरी कारबाही सन्चालन गरी लागूऔषध अपराधको प्रभाबकारी अनुसन्धान गर्नको लागि बिशिष्टिकृत रुपमा स्थापना भएको यस ब्यूरोले गरेका काम कारबाहीको सम्बन्धमा त्रैमासिक रुपमा जानकारी गराउने उद्देश्यका साथ प्रकाशन गरिएका यस भन्दा अघिल्ला प्रकाशित त्रैमासिक अन लाइन वुलेटिनको निरन्तरता स्वरुप तेस्रो संस्करणको रुपमा यो बुलेटिनको प्रकाशन गर्न लागिएको हो। प्रत्येक प्रकाशनमा लागू औषधको सम्बन्धमा गरिएको त्रैमासिक कारबाहीको तथ्यांक तथा गतिबिधि सहित लागू औषधको बारेमा समेत केही जानकारी दिने उद्देश्यले यस पटकको प्रकाशनमा लागू औषध अफिम सम्बन्धी जानकारी, यसका असरहरु र रोकथामको प्रयासलाई समेट्ने जमर्को गरिएको छ। आगामी दिनहरुमा समेत लागू औषधका अन्य किसिमहरु र त्यसका असर तथा रोकथामका उपायहरुलाई लाई क्रमश: समेट्दै प्रकाशन गरिने छ। साथै लागूऔषध अपराध नियन्त्रण गर्ने सन्दर्भमा काम गर्ने विभिन्न संघ संस्था, तथा यस क्षेत्रमा अध्ययन, अन्वेषण, तथा जानकारी लिने सबैमा लागू औषध अपराधको रोकथामको लागि तुलनात्मक अध्ययन तथा अन्वेषणात्मक कार्यको लागि यो बुलेटिन सहयोगी सिद्ध हुनेछ भन्ने बिश्वास लिईएको छ।

धन्यवाद !

## लागू औषध नियन्त्रण ब्यूरो एक चिनारी




लागूऔषध अपराधको रोकथाम तथा नियन्त्रण गरि लागूऔषध रहित समाजको निर्माण गर्ने उद्देश्यले मिति २०४९/०२/२४ गते "लागू औषध नियन्त्रण कानून कार्यान्वयन ईकाई" को स्थापना भई मिति २०६९/०८/१४ गते नेपाल सरकार मन्त्रीपरिषदको निर्णयद्वारा प्र.ना.म.नि.को दरबन्दी कायम गरी लागूऔषध नियन्त्रण व्युरो" (Narcotic Control Bureau) को रुपमा स्तरोन्नती भएको यस व्युरोले लागूऔषध उत्पादन, संचय, ओसार पसार, बेचबिखन कार्यलाई नियन्त्रण गर्न सूचना संकलन तथा बिश्लेषण गर्ने,बिभिन्न कारबाही संचालन गर्ने र लागूऔषध अपराधमा संलग्न ब्यक्तिहरुको सम्बन्धमा थप अनुसन्धान गरी कानुनी प्रकृया अघि बढाउने कार्य गर्दै आईरहेको छ। यस ब्यूरो मातहत त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौ, तराईका सीमा नाका तथा पोखरा समेतमा गरी हाल ९ वटा Satellite Unit हरु रहेका छन्।



## **दुरदृष्टि (Vision):**

लागूऔषधको अबैध खेती, उत्पादन, ओसारपसार, संचय र बेचबिखनमा नियन्त्रण गरी लागूऔषध रहित समाजको स्थापना

## **दीर्घकालीन लक्ष्य (Mission)**

- लागूऔषधको अवैध खेती, उत्पादन, ओसार–पसार र बेचविखन लगायतका लागू औषध अपराध नियन्त्रण गर्नका लागि,



- प्रचलित लागू औषध नियन्त्रण ऐन, २०३३ र लागू औषध सम्वन्धी नेपाल सरकारका नीति, रणनीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।
- लागूऔषधको कारोवारमा संलग्न संगठित संजाल लगायतका अपराधीलाई पक्राउ गरी कानुनी दायरामा ल्याउने यस व्यूरोको दीर्घकालीन लक्ष्य हुनेछ ।

## **प्रमुख उद्देश्यहरु**

- लागूऔषध उत्पादन, संचय, ओसार पसार, बेचबिखन एवं सेवनमा नियन्त्रण गर्ने ।
- लागूऔषध अपराधको व्यवसायिक अनुसन्धान गर्ने ।
- लागूऔषध बरामद तथा पक्राउ परेकाहरुको अभिलेख व्यवस्थापन गर्ने र सो को विश्लेशण गरी लागूऔषध नियन्त्रण सबन्धी भाबि योजना तर्जुमा गर्ने ।
- लागूऔषध अपराध नियन्त्रणका लागि  सरोकारवाला राष्ट्रिय,अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय एवं सहकार्य गर्ने ।

**Listening to children and youth is the first step to help them grow healthy and and Safe.**

## लागू औषध नियन्त्रण ब्यूरोको काम कर्तव्य र अधिकार




१. लागूऔषध नियन्त्रण ऐनले व्यबस्था गरे अनुसारका अपराधिक कार्य बिरुद्ध तदारुकताका साथ कारवाही गर्ने।

२. नेपाल राज्य भरीको लागू औषध नियन्त्रण बिरुद्ध गरिएको कारवाहीको तथ्याङ्क सङ्कलन, बिश्लेषण र सम्पादन गर्ने र सो बिवरण लागूऔषध नियन्त्रण शाखामा पठाउने।




३. अपराधको गहनतालाई दृष्टिगत गरी एक भन्दा बढी जिल्ला वा क्षेत्रमा फैलिएको लागू औषध सम्बन्धी अपराधको अध्ययन तथा बिश्लेषण गरी स्थानीय प्रहरीको कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक सल्लाह/सुझाब दिने ।

४. लागू औषध नियन्त्रणको सन्दर्भमा अन्तर्राष्ट्रिय प्रकृतिको अनुसन्धान कारवाही गर्ने ।

५. लागू औषध सम्बन्धी अन्तर्राष्ट्रिय प्रकृतिका अनुसन्धान तथा लागू औषध अपराधमा दुई देशको आपसी समस्या दुई वा दुइ भन्दा बढी देशहरुमा फैलिएको अन्तराष्ट्रिय संगठित अपराध बिरुद्ध बिभिन्न देशका प्रहरीसँग मिलेर एकै साथ कारवाही गर्ने ।





६. लागू औषध नियन्त्रण ऐन कार्यान्वयन गर्ने गराउने सन्दर्भमा, प्रहरी तथा अन्य सरकारी वा गैह्र सरकारी संस्था, स्वयंसेवक आदि सँग आवश्यकता अनुसार सम्पर्क राख्ने । कार्यान्वयन क्रममा अनुभव हुन आएका लागू औषध नियन्त्रण योजना तर्जुमा को लागि उपयोगी हुने विषयहरु प्रमुख लागू औषध नियन्त्रण अधिकारी समक्ष सुझावका रुपमा पेश गर्ने ।

७. लागू औषध नियन्त्रण कारवाहीको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाली वा विदेशी अपराधीको गतिबिधि साथै कारवाही बारे सम्बन्धित निकायबाट सूचना तथा तथ्याङ्क संकलन गरी बिश्लेषण तथा बितरण कार्य गर्ने ।

८. अन्तर्राष्ट्रिय प्रकृतिको अनुसन्धानको क्रममा सुचना तथ्याङ्कको आदान प्रदान एवं संयुक्त कारवाहीको अवस्थामा विदेशी निकायहरुसंग प्रत्यक्ष सम्पर्क गर्ने र सो को जानकारी प्रमुख लागू औषध नियन्त्रण अधिकारीलाई दिने ।

९. लागू औषधको अपराधको गहनतालाई दृष्टिगत गरि आवश्यक ठानेमा नेपाल राज्य भर कुनै पनि प्रहरी इकाईले अनुसन्धान गरिरहेको अवस्थामा समेत त्यस्तो अनुसन्धान मा बाधा अड्चन वा कुनै त्रुटी देखिए वा देखिन आएमा चली रहेको अनुसन्धान बारे सहयोग गर्ने ।

## लागू औषध औषध अफिम (Opium)

अफिम प्राकृतिक लागू औषध हो, अफिमको बोटको नपाकेको क्याप्सुललाई भित्रसम्म काटेपछि आउने दुधजस्तो चोप जमेपछि हुने प्रसोधित पदार्थबाट अफिम बन्दछ । यो गाढा खैरो रङ्गको हुन्छ । यसलाई लागू औषध दुर्व्यसनीहरुले धुम्रपानको रुपमा प्रयोग गर्दछन् । सन् १९६१ को लागू औषध सम्बन्धी एकल सम्मेलनको घोषणा पत्र र सो सम्बन्धी १९७२ को संशोधन अनुसार संसारको अफिमको कूल आपूर्ती धैरैजसो दक्षिण पूर्वी एशियाको गोल्डेन ट्र्याङ्गलका (Golden Triangle) रुपमा चिनिने राष्ट्रहरुबाट हुन्छ । जसमा वर्मा, थाईलैण्ड र लाओस पर्दछन् । यो भौगोलिक क्षेत्र १९६० को अन्तिम तिर र १९७० को शुरु तिर अफिमको प्रमुख गैह्र व्यापारीक केन्द्र बन्यो । जहाँ करिब ७०० टन अफिम वार्षिक उत्पादन हुन्थ्यो । केही समयसम्म यो गोल्डन ट्र्याङ्गलले पश्चिमी युरोपको हेरोइन उत्पादन बजारलाई नै नियन्त्रण गर्यो ।



(स्रोत: संयुक्त राष्ट्रसंघीय ला.औ.कानून का.ता.निर्देशिका, प्रथम प्रकाशन- २०५२ फागुन)

अफिम र हेरोइनको ओसारपसारमा अर्को प्रमुख केन्द्र बिन्दु गोल्डेन क्रिसेन्ट (Golden Crescent) हो, जुन एशियाको पूर्वी पश्चिमी क्षेत्र पाकिस्तान, ईरान, अफगानिस्तानका केही भूभागहरुलाई चिनिन्छ । गोल्डेन क्रिसेन्टको यो क्षेत्र सन् १९७० को अन्त्यतिर संसारमा अफिमको उत्पादनमा एक प्रमुख क्षेत्र भएर निस्क्यो।

यस क्षेत्रमा उत्पादित अफिम सस्तो र उच्च स्तरको थियो। अफिमको गैह्र खेती अन्य धेरै राष्ट्रमा हुने गर्दछ, जस्तै ग्वाटेमाला, भारत, मेक्सिको, पोल्याण्ड, पूर्व सोभियत संघ र हालसालै लेवनान।

नेपालको सन्दर्भमा हालैका पछिल्लो समयमा नेपालका मकवानपुर,रुकुम,पर्सा,मोरङ लगायतका स्थानहरुमा पनि अफिमको गैह्र कानुनी खेती गरिएको पाइएको छ र सोही अनुसार कानुनी कारवाही पनि हुँदै आइरहेको छ।

## अफिमको अबैध खेती ( Illegal Opium Cultivation)



अफिमको खेती सामान्य कृषिको तरीका अनुसार गरिन्छ । यसको वार्षिक खेती गर्मीको अन्त्यतिर शुरु हुन्छ। किसानहरुले ताजा रुपमा तयार पारिएको खेतको सतहमा यसको बिउ छर्छन्। तीन महिना पछि यसको बिरुवा पूरा रुपमा बढ्दछ, जसमा हरियो डाँठ निस्केर यसमाथि चहकिलो फुल देखा पर्दछ । बिस्तारै फुलका पात झर्दछन् र अण्डाकार साइजको बिउको कोसा निस्किन्छ । यो हरियो कोसामा माथिबाट तल समानान्तर रुपमा चारै तिर अलिकति भित्रसम्म काटिन्छ र दुध जस्तो सेतो चोप निक्लिन्छ। जबजब घाउहरुबाट चोप निस्किन्छ यो कोसाको बाहिरै जम्दछ र खैरो कालो रंगमा परिवर्तन हुन्छ। यो अप्रशोधित अफिम हो। किसानहरुले धार नभएको चक्कुले यसलाई जम्मा गर्दछन्। यो अप्रशोधित अफिम नजिकको भूमिगत कारखाना (Clandestine Laboratory) मा लगेर यसबाट मर्फिन छुट्याइन्छ। यसको ओसारपसार गर्नेहरुले यही तरिका अपनाउँदछन्, तस्करहरुलाई च्यापच्याप लाग्ने, पिरो र गनाउने अफिम भन्दा प्रशोधन गरिएको इट्टा आकारको मर्फिन नै तस्करी गर्न सजिलो र सुरक्षित हुन्छ।

मानिसहरुले आनन्द प्राप्तिको लागि पहिले पहिले अप्रशोधित अफिम खाने र पिउने गर्दथे। हुन त करिब दुई शताब्दीसम्म यो तान्ने गरिन्थ्यो। संसारमा जति पनि अफिम उत्पादन हुन्छ त्यसबाट मर्फिन, कोडिन र हेरोइन उत्पादन गर्दछन्।

## अफिमजन्य (Opiates) बस्तुहरु के हुन् ?

### १) मर्फिन (Morphine)




मर्फिन अफिमको प्रमुख पदार्थ हो जुन कडा दुखाई कम गर्ने औषधिको रुपमा प्रयोग गरिन्छ। प्राचीन कालमा सयौं वर्षसम्म यो राम्रो र एक मात्र सर्वसुलभ दुखाइको औषधिको रुपमा प्रयोग गरिएको पाइन्छ। औषधिको रुपमा प्रयोग गर्न मर्फिन लवणको रुपमा उपलब्ध छ, जस्तै मर्फिन सल्फेड। यो बास्नाहीन सेतो पाउडर हो, जुन ट्याब्लेट र झोलको रुपमा पाइन्छ। अनुमति प्राप्त डाक्टर, नर्स, फर्मासिष्ट र अरु स्वास्थ्यकर्मीहरु मार्फत प्रयोग गर्ने गर्नु पर्दछ। तर यसको दुरुपयोग भइरहेको छ।

### २) कोडिन (Codeine)

मर्फिन जस्तै कोडिन पनि दर्दनाशक (Narcotics Analgesic) र अफिममा हुने औषधि हो। धैरै जसो कोडिन मर्फिनबाट बनाइन्छ। यो सेतो पाउडरमा पाइन्छ। फेन्सिडिल (Phensedyl कोडिन तत्व रहेको एक प्रकारको खोकीको औषधि हो तर यसमा कोडिनको अधिक मात्रा हुने भएकोले हाल नेपालमा प्रतिबन्ध लगाईएको छ तर भारतसँग खुला सिमानाका कारण लुकिछिपि नेपाल भित्र्याई दुर्व्यसनीहरुले यसको व्यापक रुपमा दुरुपयोग भएको छ। (स्रोत: संयुक्त राष्ट्रसंघीय ला.औ.कानून का.ता.निर्देशिका, प्रथम प्रकाशन- २०५२ फागुन)





## ३) हेरोइन (Heroin)



हेरोइन (डाइएसेटाईलमर्फिन) गैह्र बजारमा धेरै रुप र रंगहरु मा पाइन्छ । यो सेतो, खैरो कालो पाउडर र दानादारमा पनि पाइन्छ । हेरोइन एक धेरै नै दुर्व्यसन गराउने लागू बस्तु हो, जसले केन्द्रीय स्नायु-प्रणालीमा सिधा प्रभाव पार्दछ । हेरोइनबाट हुने छिटो असरहरुमा श्वास र मुटुको सामान्य गतिमा कमी, खोकीको प्राकृतिक प्रणालीमा गिरावट, दृश्य शक्तिमा सामान्य कमी र आन्द्राको गतिमा कमी पर्दछन् । हेरोइन सुईबाट नसामा सेवन गर्नेहरुलाई हुने गम्भीर असरहरुमा निमोनिया लगायतका संक्रमणहरु र दोस्रो संक्रमणहरु, जस्तै: एड्स, कुपोषण, तौलमा कमी, बढ्दो मात्राको आवश्यकता (increases dependency) र आखिरमा श्वास -प्रश्वासमा गिरावट आई मृत्यु समेत  हुन्छ ।



उत्पादन गर्ने क्षेत्रहरुबाट धेरै प्रकारका हेरोइनहरु शुद्ध मात्रामा ठाँउठाँउमा पठाए पनि खुद्रा बजारहरुमा पुगेपछि यो धेरै नै मात्रामा मिसावट हुन्छ । खास गरेर लाक्टोज, ग्लुकोज, क्विनिन् स्टार्च र तताए पछि पानीमा घुल्न सक्ने कुनै पनि पाउडर प्रयोग गर्छन् ।

हेरोइनलाई सुकेको अवस्थामा राखी छोड्न यसलाई प्लाष्टिक वा एलमुनियमको कागजमा राख्छन् । यसलाई अक्सर गरेर तताएर श्वास बाट तान्छन् वा पानीमा घोलेर सुई लगाउँछन् वा नाँकले एकै पल्ट बल गरेर तान्छन् ।

## ४) हाईड्रोमर्फिन (Hydromorphoneone)



हाईड्रोमर्फिनलाई  डिलाउडिड (deluded) पनि भनिन्छ । यो एक अर्ध कृत्रिम दर्दनाशक लागू औषधि हो । भुमिगत बजारमा यो ट्याब्लेट र सुई दुवै किसिममा पाइन्छ । हाईड्रोमर्फिन (डिलाउडिड मर्फिन) मर्फिनको तुलनामा छोटो अवधिको लागि असर गर्दछ तापनि यो मर्फिनभन्दा २ देखि ८ गुणा

(स्रोत: संयुक्त राष्ट्रसंघीय ला.औ.कानून का.ता.निर्देशिका, प्रथम प्रकाशन- २०५२ फागुन)

प्रभावशाली हुन्छ र यसले धैरै नै दुर्व्यसन गराउँदछ । त्यसैले हाईड्रोमर्फिन (डिलाउडिड मर्फिन) लाई हेरोइनको सट्टामा प्रयोग गर्ने गर्दछन् ।

(स्रोत: संयुक्त राष्ट्रसंघीय ला.औ.कानून का.ता.निर्देशिका, प्रथम प्रकाशन- २०५२ फागुन)

## ५) अक्सिकोडीन ( Oxycodone)






अक्सिकोडिनलाई परकोडिन (Percodine) पनि भनिन्छ । यो कोडिन जस्तै हो, तर धैरै नै शक्तिशाली हुन्छ र दुर्व्यसन गराउँदछ। यसलाई अरु दुखाई कम गर्ने औषधिहरुसँग पनि मिसावट गरिन्छ। यो मुखबाट सेवन पनि सेवन गरिन्छ र ट्याब्लेटलाई पानीमा घोलिन्छ र छानेर आएको झोललाई सुईबाट पनि प्रयोग गरिन्छ ।

## ६) इटोरफिन (Etorphine)

इटोरफिन अरु धैरै मध्ये एक यौगिक (Compound) हो, जुन मर्फिनको अणुको विशेषीकरणबाट प्राप्त भएको हो । यो मर्फिन भन्दा धैरै प्रभावकारी छ । पशु डाक्टरहरुले इटोरफिन जनावरलाई हलचल गर्न नदिन प्रयोग गर्दछन् ।




### क) उच्चस्तरको अफिमजन्य वस्तु (opioids with High Potency)




अफिम र यसबाट बनाइएका औषधिहरुको विपरित पूर्ण रुपमा प्रयोगशालामा बनाइन्छ । यिनिहरु मर्फिन जस्तै दर्दनाशक तर खराबीरहित औषधिको निरन्तर खोजीको सिलसिलामा विकास भएका हुन् । मिथाडोन र मेपेरिडिन यी दुई कृत्रिम लागू औषधिहरु शक्तिशाली हुनुको साथै धैरै मात्रामा गलत उपयोग गरिन्छन् ।

## १. मिथाडोन ( Methadone)

मिथाडोन रासायनिक तबरले मर्फिन हेरोइन भन्दा फरक छ, तर धेरै जसो उत्तिकै प्रभावकारी छ  विगत केहि दशक देखि मिथाडोन भएको असामान्य लागू गुणले गर्दा हेरोइनका दुर्व्यसनीहरुलाई यसको खराब असरको उपचार गर्ने कार्यक्रममा प्रयुक्त हुदै आएको छ।

अरु धेरै लागू औषधि जस्तै मिथाडोनको हेरोइनसंग प्रतिस्पर्धा हुने गर्छ। यस कारण यो दुर्व्यसनको लत छुटाउने कार्यमा प्रयोग गरिन्छ। विशेषत: यो मुखबाट पनि धेरै प्रभावकारी हुन्छ र सुईबाट लिनु आवश्यक छैन। यो हेरोईन भन्दा पनि बढी समयसम्म प्रभावकारी हुन्छ। एक मुखबाट सेवन गर्ने मात्राले २४ घण्टासम्म काम गर्दछ। यी गुणहरुले गर्दा मिथाडोन लागू औषधिको गम्भिर दुर्व्यसनको व्यवस्थापनको लागि मौखिक प्रतिस्थापन उपचार पद्दति  OST (Opioid Substitution Therapy)  मा पनि प्रयोग गरिन्छ।

## २. पेथिडिन वा मेपेरिडीन (डेमरेल) (Pethidine or Meperidine Demerol)



पेथिडिन वा मेपेरिडीन (डेमरेल) व्यापारिक नाममा बिक्री हुन्छन्। यो रासायनिक तवरले मर्फिनभन्दा फरक छ, तर दर्दनाशक शक्तिमा उस्तै छ। यो माध्यामबाट कडा खालको दुखाइको उपचारमा व्यापक रुपमा प्रयोग गर्ने मध्ये एक हो र यो मुख र सुई दुवै रुपबाट प्रयोग गरिन्छ।




डमेरल प्रारम्भिक दुर्व्यसनको रुपमा त्यति प्रचलित छैन। स्वास्थ्य व्यवसायीहरु र यसको पहुँचमा रहेकाहरुले यसलाई यदाकदा दुरुपयोग गरि प्रयोग गर्दछन्।

**ख) निम्न स्तरको अफिमजन्य वस्तु (Opioids with low Potency)**

निम्न स्तरको कृत्रिम लागू औषधिहरुमा प्रोपोक्सिफीन (Propoxyphene) र पेन्टाजोसिन (Pentazocine) दुर्ब्यसनीहरुले प्रयोग गर्ने गर्दछन्।

प्रोपोक्सिफीन (Propoxyphene) यो “डारभोन”  र “डोलिन” व्यापारिक नाममा उपलब्ध हुन्छ। प्रोपोक्सिफीनले अन्य लागू औषधिहरु भन्दा कम दुर्व्यसन गराउँदछ। यो दर्दनाशकको रुपमा कम प्रभावकारी छ।

(स्रोत: संयुक्त राष्ट्रसंघीय ला.औ.कानून का.ता.निर्देशिका, प्रथम प्रकाशन- २०५२ फागुन)

**पेन्टाजोसिन (Pentazocine)**

पेन्टाजोसिन फोरटल, पेन्टालजिन, टालविन आदि विभिन्न व्यापारिक नाममा उपलब्ध हुने गर्दछ । यो शक्तिशाली दर्दनाशक हो र कोडिन जत्तिकै प्रभावकारी छ ।

## अफिमजन्य वस्तु प्रयोग गर्नाले के हुन्छ?

अफिमजन्य वस्तुको असर, प्रयोग गर्ने तरिका र मात्रामा भर पर्दछ। सुईद्वारा प्रयोग गरिएमा अफिमजन्य वस्तुको असर तुरुन्त देखा पर्दछ । चक्की ईत्यादिको रुपमा मुखबाट प्रयोग गरिएमा विस्तारै असर बढ्दै जान्छ ।




- भोक नलाग्ने, झुम्म हुने वाकवाकी लाग्ने र वान्ता हुने,
- शरीरमा पसिना आउने,छाला चिलाउने, र शरीर धर्मराउने हुन्छ ।
- अफिमजन्य पदार्थको प्रयोग गरिसकेपछि मेसिनरी सामान तथा सवारी साधन चलाउन निकै खतरापुर्ण हुन्छ ।
- बढी मात्राको प्रयोगले आँखाको नानी सानो हुने र शरीर चिसो भई मृत्यु समेत हुने सम्भावना हुन्छ ।
- लामो समयसम्म प्रयोग गर्नाले फोक्सो,कलेजो र मष्तिष्कमा असर ल्याउँदछ ।
- यौन ईच्छामा कमी ल्याउँछ ।
- सुईद्वारा अफिमजन्य वस्तु प्रयोग गर्नाले एड्स, हेपाटाइटिस बि र टिटानस जस्ता भयानक रोगहरु लाग्न सक्छ ।
- गर्भवती महिलाले लागू औषध प्रयोग गरेमा पेटको बच्चालाई आमाको कुलत तथा अन्य रोग सर्न सक्दछ ।



- **अफिमजन्य बस्तुले कतिसम्म निर्भर तुल्याउँछ?**

३ देखि ४ दिनसम्म नियमित रुपले प्रयोग गर्नासाथ अफिमजन्य वस्तुमा निर्भरता हुनसक्छ। सामान्य प्रकारका असर कायम राख्न कुनै पनि व्यक्तिले बिस्तारै मात्रा बढाउँदै लग्नुपर्ने बाध्यता आउँछ। अचानक यसको प्रयोग बन्द गरेमा यसमा निर्भर रहने व्यक्तिमा बिभिन्न शारीरिक तथा मानसिक लक्षणहरु देखा पर्दछन् जस्तै: निद्रा नलाग्नु, नाक र आँखाबाट पानी बगिरहनु, काँम्नु,जाडो हुनु र ज्वरो आउनु यस्तो अवस्थालाई अभाव लक्षण (Withdrawal Symptoms) भनिन्छ।

- **अफिमजन्य वस्तु र एच आइ भी एड्सबीच के सम्बन्ध छ?**




एड्स (Acquired Immune Deficiency Syndrome) AIDS शरीरको प्रतिरोधात्मक शक्तिलाई अपांग बनाइदिने भयानक रोग हो। यो रोग एच आइ भी (Human Immune Deficiency Virus) नामक जीवाणुबाट हुन्छ। यो रोग लागेपछि शरीले साधारण संक्रामक रोगको पनि सामना गर्न नसक्ने हुन्छ।एच आइ भी शरीरमा प्रवेश गरी रगतमा पुगेपछि सर्दछ। यसरी यो रोग सर्ने एक प्रमुख कारण एड्स रोगीले प्रयोग गरेको सुईबाट हेरोइन,पेथिडिन र टिडिजेसिक जस्ता औषधि सेवन गर्नु हो। धेरै जनाले एउटै सुई प्रयोग गर्नाले यो रोग सर्ने सम्भावना अझ बढी हुन्छ। लागू औषध प्रयोग गर्नेहरु मध्ये प्राय: एउटै सुई धेरै जनाले प्रयोग गरेको पाइन्छ।

- **लागू औषध अफिमजन्य पदार्थबाट बच्नको लागि अपनाउनु पर्ने विशेष साबधानी**

क) यस्तो अबस्थामा लागू औषध प्रयोग गर्दा हुने औषधको असरहरु तथा मनोद्विपक पदार्थहरु डाक्टरले भने बमोजिमको मात्राभन्दा बढी आफैं कहिले पनि सेवन नगर्नुहोस्।

ख) उपचारको लागि मात्र डाक्टरको सल्लाह अनुसार मनोद्विपक औषधिहरुको प्रयोग गर्नु पर्दछ। अरु कसैले यस्ता औषधिहरु उपलब्ध गराएको खण्डमा सो प्रयोग गर्नुहुँदैन र आफूले पनि डाक्टरले आफूलाई दिएको औषधि अरुलाई लिने सल्लाह दिनु हुँदैन।





(स्रोत: नेपाल सरकार गृह मन्त्रालय, ला.औ.नि.शाखाको सर्वेक्षण -२०७६)

## लागू औषधको दुर्व्यसनबाट कसरी बच्ने ?



- सुरु गर्नु अगाडि नै रोक्ने प्रयास गर्ने,
- कुनै साथीले खाने निम्तो दिएमा तुरुन्त ठाउँ छाडी हिंड्ने,
- सच्चा मित्रले नशा प्रयोग नगरेकोमा आफ्नो सम्मान गर्दछ भन्ने बुझ्ने,
- नशा प्रयोग नगर्ने साथीसँग मात्र हिड्ने,
- घरमा आमा बुबा वा दाजुभाइले मादक पदार्थ वा लागूऔषध प्रयोग गर्दछन् भने तिनको अनुसरण नगर्ने,
- आफ्नो स्कुलमा नशा खाने समूहबाट टाढा रहने प्रयास गर्ने,
- नकारात्मक प्रस्तावबहरुलाई सदैव नाइ भन्न सक्ने क्षमताको विकास गर्ने,
- आफ्नो खाली समयलाई घरको कामकाज, भ्रमण,किनमेल, तथा सेवाको काममा मन लगाई प्राकृतिक तरिकाले आनन्द लिने प्रयास गर्ने,

- ध्यान, योग वा अन्य कुनै आध्यात्मिक आस्थासंग आवद्ध रहने,
- साहित्य, संगीत, कला, खेलकुद, नृत्य जस्ता श्रृजनशील कार्यमा आफूलाई व्यस्त राख्ने,




(स्रोत: नेपाल सरकार गृह मन्त्रालय, ला.औ.नि.शाखाको सर्वेक्षण -२०७६)

## अभिभावकले अपनाउनुपर्ने उपायहरु

लागू औषध दुर्व्यसनबाट आफ्ना सन्ततीहरुलाई जोगाउन हरेक अभिभाबकले तल उल्लेख गरेका कुराहरुमा केही ध्यान दिने हो भने धेरै हद सम्म दुर्व्यसनमा संलग्न हुनबाट रोक्न सकिन्छ।

- आफ्ना बालबालिकाको हरेक क्रियाकलाप, साथीभाई, विधालय समय बाहेक अरु बेला ब्यतित गर्ने स्थान आदिबारे जानकारी राख्ने,
- खेलकुद, कला तथा सांगेतिक कार्यक्रम लगायतका गतिविधिमा बढी संलग्न गराउने,
- बालबलिकालाई गलत साथीहरुको संगतमा पर्न नदिने,
- बालबालिकाहरुलाई मध्यपान तथा धुम्रपानको प्रयोगबाट टाढा राख्ने,
- लागूऔषध र त्यसको असर बारे जानकारी गराउने,




- नियमित रुपमा विद्यालयमा सम्पर्क गरी बालबालिकाको पढाई तथा अतिरिक्त क्रियाकलापमा सहभागिताबारे बुझ्ने,
- आफ्ना बालबालिकासँग प्रयाप्त समय बिताउने र विचारहरुको आदान प्रदान गर्ने,

## लागू औषधको नियन्त्रणमा समाजको भूमिका


कुनै व्यक्ति लागू औषधमा  फसेको छ भने उक्त व्यक्तिले परिवारमा मात्र समस्या नपारी त्यसको नकारात्मक असर पुरै समाजलाई नै पारिरहेको हुन्छ ।त्यसैले समाजले पनि  यो समस्यालाई समाधान गर्न प्रमुख भूमिका खेल्नुपर्ने हुन्छ। समाजको भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- सामाजिक क्रियाकलापमा युवाहरुलाई समेट्ने र विभिन्न समयमा सचेतना कार्यक्रमहरु गर्ने,
- लागू औषधमा फसेको व्यक्ति र निजको परिवारलाई खिसी टिउरी नगरी हौसला र सहयोग प्रदान गर्ने,
- लागू औषधमा फसेका व्यक्तिहरुलाई पुर्नस्थापना केन्द्रमा राखी निको भएर आएका पुर्व प्रयोग कर्ताहरुलाई समाजमा पुर्नस्थापनाका लागि सहयोग पुर्याउने,
- यदि समाजमा कोही कसैले लागू औषधको अबैध उत्पादन,संचय, विक्री वितरण र ओसारपसार गर्छ भने त्यस्ता व्यक्तिहरुलाई निरुत्साहित गर्ने र कानुन कार्यान्यवन गर्ने निकायहरुलाई सुचित गर्ने,

- सामाजिक एकताको भावना विकास गरी युवाहरुलाई समाजमा हुने विकासका गतिविधि तथा अन्य क्रियकलापमा प्रमुख भूमिका निर्वाह गर्ने जिम्मा दिने।




(स्रोत: नेपाल सरकार गृह मन्त्रालय, ला.औ.नि.शाखाको सर्वेक्षण -२०७६)




(स्रोत: नेपाल सरकार गृह मन्त्रालय, ला.औ.नि.शाखाको सर्वेक्षण -२०७६)


## कानूनी प्राबधान (दण्ड सँजाय)

**लागू औषध नियन्त्रण ऐन २०३३ मा उल्लेख भएको लागू औषध (अफिममा) दण्ड सजाय सम्वन्धी प्रावधान:**

लागू औषध नियन्त्रण ऐन,२०३३ मा उल्लेख भएको गाँजा खेती,सेवन तथा बिक्री वितरण गरेमा हुने सँजाय सम्बन्धी प्रावधान:-

| लागूऔषधको किसिम | अपराध | अपराधको मापन | कैद(सँजाय) | जरिवाना |
|---|---|---|---|---|
| अफिम | सेवन | सेवन | १ बर्ष सम्म कैद वा | रु.१०,००० सम्म |
| | खेती | २५ बोटसम्म | १ वर्ष – ३ वर्षसम्म | रु.५००० – २५,००० सम्म |
| | खेती | २५ बोटभन्दा बढी | ३ वर्ष – १० वर्षसम्म | रु.२५,००० – २,००,००० सम्म |
| | उत्पादन,तयारी,खरिद बिक्रीवितरण निकासी वा पैठारी,ओसारपसार वा सञ्चय गर्ने | २५ ग्राम सम्म<br>५० ग्रा.-१०० ग्राम सम्म<br>१०० ग्रामदेखि माथि जतिसुकै परिमाणको | ५ वर्ष – १० वर्षसम्म र<br>१० वर्ष – १५ बर्षसम्म र<br>१५ वर्ष – जन्मकैद र | रु.५००० – रु.२५००० सम्म<br>रु. ७५ हजार – रु.२ लाख सम्म<br>रु. पाँच लाख – २५ लाख सम्म |

**लागू औषधको सेवनले मानिसको शारीरीक तथा मानशिक स्वास्थ्य विग्रन्छ।**
**यसको प्रयोगबाट आँफू वचौ: परिवार, समाज र राष्ट्रलाई नै बरवाद हुनबाट जोगाउ।**





(स्रोत: नेपाल सरकार गृह मन्त्रालय, ला.औ.नि.शाखाको सर्वेक्षण -२०७६)

## २. त्रैमासिक अपराध तथ्यांक

लागू औषधको बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागि लागू औषध नियन्त्रण ब्यूरो निरन्तर लागिरहेको छ । सोहि क्रममा २०७६ चैत देखि असार मसान्त सम्म संचालन गरिएको कारबाहीका क्रममा बरामद भएको कुल लागूऔषध तथा पक्राउ परेका ब्यक्तिहरुको बिबरण निम्नानुसार रहेको छ ।










लागू औषध ओसारपसार तथा बेचबिखनमा संलग्न भई पक्राउ पर्न आएका ब्यक्तिहरुको संख्यात्मक बिबरण निम्नानुसार रहेको छ।

# लागू औषध मुद्दामा पक्राउ तथा बरामद गरीएका परिमाण संख्या(नेपाल भर)२०७६/०७७

| साल / महिना | मुद्दा संख्या | मानिस पक्राउ | | | | | लागूऔषध परिमाण संख्या | | | | | | | | | | | नियन्त्रित लागू औषध |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | विदेशी | | जम्मा | गाँजा | | चरेश | | हेरोइन | | | अफिम | | कोकिन | | |
| | | पुरुष | महिला | पुरुष | महिला | | के.जि. | ग्राम | के.जि. | ग्राम | के.जि. | ग्राम | मि.ग्रा. | केजि. | ग्राम | के.जि. | ग्राम | |
| २०७६ चैत्र | १६३ | २३४ | १५ | १० | १ | २६० | १५० | ९३ | ३४ | ५०४ | ० | ५५० | ८२८ | ० | ० | ० | ० | बुप्रेनोर्फिन – १९७१<br>डाइजेपाम - २१५८<br>अन्य- १५२६२ |
| २०७७ बैशाख | ८१ | १४४ | ५ | २ | ० | १५१ | १५१ | १२० | ० | ० | ० | १६५ | ६३ | ० | ० | ० | ० | बुप्रेनोर्फिन –६८७<br>डाइजेपाम - ५२४<br>अन्य- १०८८४ |
| २०७७ जेठ | ८२ | १२८ | २ | ५ | १३५ | ५४० | ६३३ | १०९ | २३१ | ० | ० | १६३ | ३० | ० | ० | ० | ० | बुप्रेनोर्फिन – ९७४<br>डाइजेपाम - १५६४<br>अन्य- १३५९८<br>कोरेक्स१९८२ -: |
| २०७७ असार | १८४ | २७५ | ११ | ९ | ० | २९५ | ८३१ | ० | २९ | ७२४ | ० | १३४ | ६५८ | १८ | ७०२ | ० | ० | बुप्रेनोर्फिन –२६८०<br>डाइजेपाम - २९४४<br>अन्य- १३५९८<br>कोरेक्स-. १९८२ |

(स्रोत: प्र.प्र.का. अ .अ.वि. / ला. औ.नि.व्यूरो,कोटेश्वर )

**“समृद्ध राष्ट्र निर्माणको लागि लागू औषध रहित स्वस्थ जीवन”**

**“Health for Justice, Justice for Health”**

# लागू औषध बरामद परिमाण तथा पक्राउ संख्याको विवरण
# (ला.औ.नि. ब्यूरो काठमाण्डौं तथा मातहत कार्यालन समेत)

**ला.औ.नि.व्यूरो काठमाण्डौं तथा मातहत कार्यालयहरुको लागू औषध पक्राउ तथा बरामदी परिमाण संख्याको तथ्याङ्क विवरण**

**आ.ब.२०७६/२०७७**

| कार्यालय | मुद्दा दर्ता संख्या | जम्मा मानिस पक्राउ | | | | जम्मा पक्राउ संख्या | लागू औषध परिमाण संख्या | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | बिदेशी | | | गाँजा | | चरेस | | खैरो हेरोईन | | अफिम | | कोकिन | | नियन्त्रित औषधीजन्य लागू औषध | | | | | एम्फेटामाईन (ICE)grm | याबा (ग्राम) | ईफिड्रिन (ग्राम) |
| | | पुरुष | महिला | पुरुष | महिला | | के.जि | ग्राम | के.जि. | ग्राम | ग्राम | मि.ग्रा. | के.जि | ग्राम | के.जि | ग्राम | डाईजेपाम | बुप्रेनर्फिन | फेनारगन | नाईट्रोसन/ स्पास्मो प्रोक्सिभन | कोरेक्स बोतल | | | |
| चैत्र २०७६ | ९ | १२ | ३ | ० | ० | १५ | ० | ० | १ | २५० | १२ | ११२० | ० | ० | ० | ० | १०४९ | १०४९ | १०४९ | ७५० | २९ | ० | ० | ० |
| बैशाख २०७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जेष्ठ | ८ | १३ | १ | ० | ० | १४ | ० | ० | ० | ० | ६ | ५ | ० | ० | ० | ७२ | १४६ | १४९ | १०५ | ११८ | १३० | ० | ० | ० |
| असार | २६ | ३५ | २ | १ | ० | ३८ | ० | ० | ० | ० | ६० | १३७० | ८ | २४०० | ० | ० | १६७७ | १५५७ | १७४४ | १९८४ | ७२० | ० | ० | ० |
| **जम्मा:** | **४३** | **६०** | **६** | **१** | **०** | **६७** | **०** | **०** | **१** | **२५०** | **७८** | **२४९५** | **८** | **२४००** | **०** | **७२** | **२८७२** | **२७५५** | **२८९८** | **२९३२** | **८७९** | **०** | **०** | **०** |
| **कुल जम्मा:** | | | | | | | ० | ० | १ | २५० | ८० | ४९५ | १० | ४०० | ० | ७२ | | | | | | | | |

(स्रोत: प्र.प्र.का. अ .अ.वि. / ला. औ.नि.व्यूरो,कोटेश्वर )

## लाऔ.नि.व्यूरो काठमाण्डौं तथा मातहत कार्यालयहरुको लागू औषध पक्राउ तथा बरामदी परिमाण संख्याको तथ्याङ्क विवरण

### आ.ब.२०७६/२०७७

| कार्यालय | मुद्दा दर्ता संख्या | जम्मा मानिस पक्राउ | | | | जम्मा पक्राउ संख्या | लागू औषध परिमाण संख्या | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | बिदेशी | | | गाँजा | | चरेस | | खैरो हेरोईन | | अफिम | | कोकिन | | नियन्त्रित औषधीजन्य लागू औषध | | | | | एम्फेटामाईन (ICE)grm | याबा (ग्राम) | ईफिड्रिन (ग्राम) |
| | | पुरुष | महिला | पुरुष | महिला | | के.जि | ग्राम | के.जि. | ग्राम | ग्राम | मि.ग्रा. | के.जि | ग्राम | के.जि | ग्राम | डाईजेपाम | बुप्रेनर्फिन | फेनारगन | नाईट्रोसन/ स्पास्मो प्रोक्सिभन | कोरेक्स बोतल | | | |
| श्रावण-२०७६ | ५३ | ६९ | ८ | ७ | ० | ८४ | ० | १२० | ० | ३४९ | ९६ | ३८८० | ० | २५० | ० | ० | ७७९ | १८७० | ६५१ | ११६२ | १०० | ४२०० | २० | ० |
| भाद्र | ४९ | ६४ | ३ | ४ | ० | ७१ | १ | ५०० | ० | ० | ३२६ | २९१५ | ० | ० | १ | ६०० | १५९८ | १५५७ | १५६१ | २२८८ | ४ | ० | १० | ० |
| आश्वीन | ३१ | ४० | २ | ६ | ० | ४८ | ० | ० | १ | ३०० | २३ | १६८० | ० | ० | ० | ० | १२७३ | ११९७ | १२१० | ६९० | ४० | १००० | २५ | ० |
| कार्तिक | ४१ | ५३ | १ | १ | ० | ५५ | १५८ | ७०० | ७ | ४४६ | ४२ | ४७८० | ० | २० | २ | १०० | ६८१ | ६८० | ६५१ | २६७० | ६२ | ० | ४० | ० |
| मसिर | ५२ | ७६ | ४ | २ | ० | ८२ | ० | ० | ३ | ४२५ | ८४ | ९१९ | ३ | ५० | ० | ९८ | २२१० | २२३२ | २४०६ | ६४६३ | ७६ | १२३० | १८३ | ४२०० |
| पौष | ३६ | ३७ | ४ | ४ | २ | ४७ | १ | २३० | ० | ४५० | २६४ | १३८५ | ० | ० | ९ | ० | ३०१ | ३०१ | ३२२ | १००१ | १३ | ५३ | ० | ० |
| माघ | ४५ | ५६ | १ | ८ | ० | ६५ | २ | ३२० | १३ | १८७० | ३६६ | १४५० | ० | ० | २ | २०० | ३१३ | ३२२ | २७३ | ५७३ | ९ | ० | ० | ० |
| फागुन | ४६ | ६२ | २ | ४ | ० | ६८ | १ | १२२० | १२ | ११३२ | ६९ | ९२० | ० | ० | ० | ० | १४१९ | १६६७ | १६६३ | १५०० | २६ | ० | ० | ० |
| चैत्र | ९ | १२ | ३ | ० | ० | १५ | ० | ० | १ | २५० | १२ | ११२० | ० | ० | ० | ० | १०४९ | १०४९ | १०४९ | ७५० | २९ | ० | ० | ० |
| बैशाख-२०७७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जेष्ठ | ८ | १३ | १ | ० | ० | १४ | ० | ० | ० | ० | ६ | ५ | ० | ० | ० | ७२ | १४६ | १४९ | १०५ | १९८ | १३० | ० | ० | ० |
| असार | २६ | ३५ | २ | १ | ० | ३८ | ० | ० | ० | ० | ६० | १३७० | ८ | २४०० | ० | ० | १६७७ | १५५७ | १७४४ | १९८४ | ७२० | ० | ० | ० |
| जम्मा: | ३९६ | ५१७ | ३१ | ३७ | २ | ५८७ | १६३ | ३०९० | ३७ | ५२२२ | १३४८ | २०४२४ | ११ | २७२० | १४ | १०७० | ११४४६ | १२५८१ | ११६३५ | १९२७९ | १२०९ | ६४८३ | २७८ | ४२०० |
| कुल जम्मा: | | | | | | | १६६ | ९० | ४२ | २२२ | १३६८ | ४२४ | १३ | ७२० | १५ | ७० | | | | | | | | |

(स्रोत: प्र.प्र.का. अ .अ.वि. / ला. औ.नि.व्यूरो,कोटेश्वर )

# लागू औषध मुद्दामा पक्राउ तथा बरामद गरीएका परिमाण संख्या(नेपाल भरी)


## आ.ब.२०७६/०७७.

| साल / महिना | मुद्दा संख्या | मानिस पक्राउ | | | | | लागूऔषध परिमाण संख्या | | | | | | | | | | | नियन्त्रित लागू औषध |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | विदेशी | | जम्मा | गाँजा | | चरेश | | हेरोइन | | | अफिम | | कोकिन | | |
| | | पुरुष | महिला | पुरुष | महिला | | के.जि. | ग्राम | के.जि. | ग्राम | के.जि. | ग्राम | मि.ग्रा. | केजि. | ग्राम | के.जि. | ग्राम | |
| २०७६ साउन | ३०८ | ४५३ | १९ | १८ | | ४९० | ४८९ | ५४२ | ० | ७५२ | ० | ३३१ | ६८ | ० | ४८१ | ० | ० | बुप्रेनोर्फिन – ४५५५<br>डाइजेपाम - ५५९९<br>अन्य- ३४१३<br>ट्याब्लेट-. ५८४६<br>एम्फेटामाईन ४केजी - : ग्राम २०० |
| २०७६ भदौ | ३०२ | ४४८ | ३१ | १७ | १ | ४९७ | २०७ | ८१० | २१ | ६४३ | १ | १०५ | ८३० | ३ | ३०० | १ | ६०० | बुप्रेनोर्फिन – ४३४३<br>डाइजेपाम - ५१६१<br>अन्य- २७८०<br>ट्याब्लेट-. १३०४७ |
| २०७६ आश्विन | २८३ | ४१८ | १३ | १२ | ० | ४४३ | ४५९ | ४८२ | ३५ | ८३५ | | ३७० | ८५९ | १८ | | ० | ० | बुप्रेनोर्फिन – ३६३२<br>डाइजेपाम - ३९३६<br>अन्य- १६५६१<br>ट्याब्लेट-. २९६७३<br>एम्फेटामाईन केजी १ - : ग्राम ४०५ |
| २०७६ कार्तिक | २५२ | ३६४ | ११ | १० | १ | ३८६ | ५२५ | ४४४ | ४७ | ३१९ | १ | २५७ | ३ | ० | ० | २ | १०० | बुप्रेनोर्फिन ३०५३ –,<br>डाइजेपाम - ३३०१<br>अन्य- ६१८५;<br>ट्याब्लेट-. ९४४८ |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६ मंसिर | २९६ | ४०९ | २३ | १४ | ३ | ४४९ | १६१ | ५१४ | १८४ | ३०७ | ० | ८८७ | ७६२ | २ | ५० | ९ | ९३ | बुप्रेनोर्फिन३९५२ – डाइजेपाम १६०६ -; अन्य -२०८५०५; ट्याब्लेट -.२९६५४, स्युडोईफ्रिडिन ४ -के.जीग्राम २०० . एम्फेटामाइन्स- १ केजी २५२ ग्राम ;याबा ८८१-ट्याबलेट |
| २०७६ पुष | २९५ | ४०२ | २५ | १७ | २ | ४४६ | १७३ | ३५३ | ४८ | ७४२ | ० | ५९३ | २३ | १ | ५०० | २ | २०० | बुप्रेनोर्फिन – ४१०६ डाइजेपाम - ४७०६ अन्य- २१३७३ कोरेक्स -१७८३, एम्फेटामाइन्स- ५३ ग्राम |
| २०७६ माघ | ३०८ | ४६० | १५ | १७ | १ | ४९३ | ५१२ | १९६ | ५० | ६६१ | ० | ६५७ | ४७३ | ० | ३३० | ० | ० | बुप्रेनोर्फिन – ३१०८ डाइजेपाम - ३४५२ अन्य- २०५१७ कोरेक्स२३३ -: |
| २०७६ फागुन | ३४९ | ४७० | २२ | १७ | ० | ५०९ | ४९८ | ० | ५५ | ७६० | ० | ८८६ | ० | ० | ० | ० | ० | बुप्रेनोर्फिन – ४५६६; डाइजेपाम - ४६४५ ; ;५३ -कोरेक्स अन्य- २१२२०, |
| २०७६ चैत्र | १६३ | २३४ | १५ | १० | १ | २६० | १५० | ९३ | ३४ | ५०४ | ० | ५५० | ८२८ | ० | ० | ० | ० | बुप्रेनोर्फिन – १९७१ डाइजेपाम - २१५८ अन्य- १५२६२ |
| २०७७ बैशाख | ८१ | १४४ | ५ | २ | ० | १५१ | १५१ | १२० | ० | ० | ० | १६५ | ६३ | ० | ० | ० | ० | बुप्रेनोर्फिन –६८७ डाइजेपाम - ५२४ अन्य- १०८८४ |
| २०७७ जेठ | ८२ | १२८ | २ | ५ | १३५ | ५४० | ६३३ | १०९ | २३१ | ० | ० | १६३ | ३० | ० | ० | ० | ० | बुप्रेनोर्फिन – ९७४ डाइजेपाम - १५६४ अन्य- १३५९८ कोरेक्स१९८२ -: |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७७ असार | १८४ | २७५ | ११ | ९ | ० | २९५ | ८३१ | ० | २९ | ७२४ | ० | १३४ | ६५८ | १८ | ७०२ | ० | ० | बुप्रेनोर्फिन –२६८०<br>डाइजेपाम - २९४४<br>अन्य- १३५९८<br>कोरेक्स-. १९८२ |
| जम्मा: | २९०३ | ४२०५ | १९२ | १४९ | ८ | ४५५४ | ४६३४ | ६६१७४ | ५९६ | २२४५७ | १ | ६०५६ | ४६५९७ | ३९ | ५३४७ | १४ | ९९३ | बुप्रेनोर्फिन –३४ ९४७,<br>डाइजेपाम - ३६५६२,<br>अन्य- १४२०३८,<br>कोरेक्स+Tab९१४८६ -:<br>एम्फेटामाईन (ICE) -७ के ;.जि.<br>स्युडोईफ्रिडिन - ४ के .जि.<br>; ग्राम २००याबा ८८१-ट्यावलेट |
| **कुल जम्मा:** | | | | | | | ४७०० | १७४ | ६१८ | ४६० | ७ | १०२ | ५९७ | ४४ | ३४७ | १५ | - | |

*(स्रोत: प्र.प्र.का. अ .अ.वि. / ला. औ.नि.व्यूरो,कोटेश्वर )*




(स्रोत:नेपाल सरकार गृह मन्त्रालय, ला.औ.नि.शाखाको सर्वेक्षण -२०७६)

# बिभागीय गतिविधि



लागू औषध नियन्त्रण व्यूरो प्रमुख प्र.व.उ. दिलिप कुमार चौधरी ज्यूलाई स्वागत तथा प्र.व.उ. बिरेन्द्र कुमार बस्याल ज्यूलाई बिदाई गर्ने क्रमममा लिइएको तस्वीर



विदाई भई जानु हुने प्र.व.उ. विरेन्द्र कुमार वस्याल ज्यूलाई मायाको चिनो (Token of Love) प्रदान गर्नु हुँदै व्यूरो प्रमुख प्र.व.उ. दिलिप कुमार चौधरीज्यू ,

## गाँजा फडानी

मिति २०७७/०४/२४ गते जिल्ला काठमाण्डौं गोकर्णेश्वर न.पा. ५ स्थित तारे भिरमा अन्दाजी **२०० रोपनी क्षेत्रफलमा** रहेको करिब ६०,००० गाँजाको बोट महानगरीय प्रहरी वृत, वौद्धको संयोजकत्वमा यस लागू औषध नियन्त्रण व्यूरोबाट प्र.नि.को कमाण्डमा खटिएको प्रहरी टोलीको साथ महानगरीय प्रहरी परिसर टेकु, दंगा नियन्त्रण प्रहरी गण त्रिपुरेश्वर, महानगरीय प्रहरी वृत वौद्ध, नगर प्रहरी भृकुटी मण्डप काठमाण्डौ, स्थानीय जनप्रतिनिधि र स्थानियवासीको जन सहभागितामा गाँजा फडानी गरिएको ।







अवैध गाँजा फडानी कार्यक्रम
लागू औषध नियन्त्रण ब्यूरो, कोटेश्वर
२०७८





# अपराध अनुसन्धान तथा नियन्त्रण सम्बन्धी  गतिबिधि

## अवैध लागू औषध गाँजा खेती अं. ६० बिगाहा १० कट्ठा र  अफिम ५० बिगाहा ६ कट्ठा फडानी गरी नष्ट गरिएको

मिति २०७६।०९।१६ गतेदेखि ऐ. १९ गतेसम्म यस व्यूरो तथा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट समेत खटिइएको संयुक्त टोलीले जिल्ला मकवानपुर, राक्सीराङ गाँउपालीकाको ज्यामुङ, डन्डुटार, सुनारी, सौराहा, सानो भावर, रानीवाङ, माकदमार, देवीटार, काकडा, ठूलोभावर, सिम्किम, बटार, पाङबुङ, ऐ.गा.पा. वडा नं. ४ को बिभिन्न एरिया लगायतका स्थानहरूमा अवैधरूपमा खेती गरी लगाईएको लागू औषध **गाँजा अं. ६० बिगाहा १० कट्ठा र अफिम ५० बिगाहा ६ कट्ठा फडानी** गरी नष्ट गरिएको  छ।







## १. नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ सहित मानिस पक्राउ

जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं. ७ बस्ने वर्ष ३५ को पचुदास गिरीलाई मिति २०७६/११/२२ गते १६:०० बजेको समयमा काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १४ बल्खुबाट **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन (नूफिन) ३०० एम्पुल, डाईजेपाम ३०० एम्पुल र फेनारगन ३०० एम्पुल** सहित पक्राउ गरिएको छ।

निजहरू उपर लागू औषध (नियन्त्रण) ऐन,२०३३ (संसोधन सहित) बमोजिम मुद्धा दर्ता भई थप अनुसन्धान भईरहेको छ।



## २. फरार प्रतिवादी पक्राउ



मिति २०७५/०१/३० गते जिल्ला काठमाण्डौं काठमाण्डौ महानगरपालिका वडा नं. ०९ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरबाट **लागू औषध चरेस २ के.जी.** सहित पक्राउ परेका जिल्ला खोटाङ दिक्तेल नगरपालिका वडा नं. ४ खाल्लेगाउँ ठेगाना भएका पवन बस्नेत समेत भएको लागूऔषध चरेस मुद्दामा वारदात मितिदेखि नै फरार रहेका प्रतिवादी जिल्ला खोटाङ दिप्रुङ चुईचुम्मा गाउँपालिका वडा नं. २ ठेगाना भएका वर्ष ३१ का शम्बु थापा उपर सम्मानित अदालतको मिति २०७६/०१/११ गतेको फैसला अनुसार १ वर्ष कैद र रु. ५,०००/- (पाँच हजार) जरिवाना भएकोमा निजलाई मिति २०७६/११/२७ गते जिल्ला काठमाण्डौं काठमाण्डौ महानगरपालिका वडा नं. ०९ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरको स्वर्णगेटबाट पक्राउ गरि सम्मानित काठमाण्डौं जिल्ला अदालतमा बुझाईएकोमा निजलाई कैद भुक्तानको लागि कारागार कार्यालय जगन्नाथदेवल पठाईएको छ।

# ३.नियन्त्रित लागूऔषध तथा मनोद्विपक पदार्थ सहित मानिसहरु पक्राउ

जिल्ला सिन्धुपाल्चोक, पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ७ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा न- ८ बेसीगाउँ डेरा गरी बस्ने रवि भन्ने राजिव तामाङ र जिल्ला ओखलढुङ्गा, सिद्धिचरण नगरपालिका वडा न-७ स्थायी वतन भई हाल ऐ. बस्ने बर्ष २१ को सरोज राईलाई मिति २०७६/११/२८ गते जिल्ला काठमाडौं, गोकर्णेश्वर नगरपालिका वडा न- ८ बेसीगाउँबाट **नियन्त्रित लागूऔषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन (नूफिन) ६६० एम्पुल, डाईजेपाम ५९१ एम्पुल, फेनारगन ६१५ एम्पुल, नाईट्राभेट ५४० ट्याव्लेट र नगद नेपाली रू. १,९४,५००।- (अक्षरुपी एक लाख चौरानव्वे हजार पाँचसय)** सहित पक्राउ गरिएको छ।

निजहरू उपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ (संसोधन सहित) बमोजिम मुद्धा दर्ता भई थप अनुसन्धान भईरहेको छ।



# ४.नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ ८०११ एम्पुल र नाईट्राभेट ५४० ट्याव्लेट सहित १२ जना मानिसहरु पक्राउ

लागू औषध नियन्त्रण ब्यूरोले विशेष सूचना संकलन गरी संचालन गरेको पछिल्लो कारवाहीका क्रममा नियन्त्रित लागूऔषध तथा मनोद्विपक पदार्थ सहित विभिन्न स्थानबाट १२ जना व्यक्तिहरुलाई पक्राउ गरी लागू औषध नियन्त्रण ऐन २०३३ अनुसार कानूनी कारवाही बढाईएको छ। पक्राउ परेका व्यक्तिहरुको विवरण निम्नानुसार रहेको छ।




- ❖ जिल्ला नुवाकोट सुर्यगढी गाउँपालिका वडा नं. ५ ठेगाना भएका वर्ष २५ को सरोज पौडेल, जिल्ला सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिका वडा नं.४ ठेगाना भएकी वर्ष २२ की उर्मिला तामाङ्, जिल्ला धादिङ् निलकण्ठ नगरपालिका वडा नं. १ ठेगाना भएका वर्ष २९ को राज कुमार गुरुङ् र जिल्ला महोत्तरी, मटिहानी नगरपालिका वडा नं. ८ ठेगाना भएका बस्ने वर्ष ३८ को ईमतियाज नदाफलाई **मिति २०७६/११/२० गते** काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १६ बालाजुबाट **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन ३९६ एम्पुल, डाईजेपाम २४४ एम्पुल र फेनारगन ४०५ एम्पुल** सहित लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको टोलीले पक्राउ गरि निजहरू उपर लागू औषध ऐन,२०३३ (संसोधन सहित) बमोजिम कानुनी कारवाही अघि बढाईएको छ।
- ❖ उल्लेखित पक्राउ परेका व्यक्तिहरु संगको सोधपुछका क्रममा संकलन गरिएको सुचना र अन्य संकलित सूचनालाई विश्लेषण गरि कारवाही जारी राखिएको अवस्थामा **मिति २०७६/११/२२ गते** काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १४ बल्खुबाट **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन ३०० एम्पुल, डाईजेपाम ३०० एम्पुल र फेनारगन ३०० एम्पुल** सहित जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं. ७ ठेगाना भएका वर्ष ३५ को पचुदास गिरीलाई लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको टोलीले पक्राउ गरि निजहरू उपर लागू औषध (नियन्त्रण) ऐन,२०३३ बमोजिम कानुनी कारवाही अघि बढाईएको छ।
- ❖ त्यसै गरी मिति २०७६/११/२८ गते जिल्ला काठमाडौं, गोकर्णेश्वर नगरपालिका वडा नं. ८ बेसीगाउँबाट नियन्त्रित लागूऔषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन ६६० एम्पुल, डाईजेपाम ५९१ एम्पुल, फेनारगन ६१५ एम्पुल, नाईट्राभेट ५४० ट्याव्लेट र लागू औषध कारोवारको रकम रु. १,९४,५००/- (अक्षरुपी

एक लाख चौरानव्वे हजार पाँच सय) सहित जिल्ला सिन्धुपाल्चोक, पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ७ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा न- ८ बेसीगाउँ डेरा गरी बस्ने रवि भन्ने राजिव तामाङ र जिल्ला ओखलढुङ्गा, सिद्धिचरण नगरपालिका वडा न-७ स्थायी वतन भई हाल ऐ. बस्ने बर्ष २१ को सरोज राईलाई लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको टोलीले पक्राउ गरि निजहरू उपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम कानुनी कारवाही अघि बढाईएको छ।




❖ पक्राउ परेका व्यक्तिहरुसंगको प्रारम्भिक अनुसन्धानको आधारमा मिति **२०७६/१२/०१ गते** जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकीबाट **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन १००० एम्पुल, डाईजेपाम १००० एम्पुल र फेनारगन १००० एम्पुल** सहित जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १३ ठेगाना भएकी वर्ष ५२ की मैंयादेवी श्रेष्ठ र जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १५ ठेगाना भएकी वर्ष २४ की ज्योति बराललाई लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको टोलीले पक्राउ गरि निजहरू उपर यस ब्यूरोबाट मुद्धा दर्ता भई थप अनुसन्धान भईरहेको छ। साथै निजहरु संगको सोधपुछ पश्चात् निजहरुलाई बीरगंजमा नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ दिने देश **भारत**, विहार राज्य मोतिहारी पुर्वी चम्पारण ठेगाना भएका वर्ष २४ को विशाल कुमार र ऐ.ऐ. ठेगाना भएका वर्ष २४ को राम विकास कुमार रामलाई **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन ४०० एम्पुल, डाईजेपाम ४०० एम्पुल र फेनारगन ४०० एम्पुल** सहित पक्राउ गरिएको र सो कारोवारमा संलग्न जिल्ला काभ्रेपलाञ्चोक धुलिखेल नगरपालिका वडा नं. ६ ठेगाना भएका वर्ष ६० को उद्दव आचार्य समेतलाई लागू औषध नियन्त्रण ब्यूरो

शाखा कार्यालय बीरगंज पर्साबाट खटिएको टोलीले पक्राउ गरी **जिल्ला प्रहरी कार्यालय पर्सामा** बुझाई कानुनी कारवाही अघि बढाईएको छ।

❖ यसरी पछिल्लो कारवाहीका क्रममा पक्राउ गरिएको संख्या पुरुष ९ र महिला ३ गरी जम्मा १२ जना एवम् बरामद गरिएको कुल **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन २७५६ एम्पुल, डाईजेपाम २५३५ एम्पुल, फेनारगन २७२० एम्पुल गरी कुल ८०११ एम्पुल, नाईट्राभेट ५४० ट्याव्लेट र लागू औषध कारोवारको रकम रु. १,९४,५००/- (अक्षरुपी एक लाख चौरानव्वे हजार पाँच सय)** रहेको छ।

## ५. नियन्त्रित मनोद्धिपक लागूऔषध सहित ५ जना मानिस पक्राउ

विशेष सूचनाको आधारमा लामो समय देखिको निग्रानी तथा सूचनाको विश्लेषण पश्चात लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले मिति २०७७।०३।१० गते जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा न- ३२ पुरानो सिनामंगल स्थित पेप्सीकोलामा रहेको सन्तोष कुमार शाहको डेरा कोठाबाट लागू औषध कारोवारमा संलग्न जिल्ला उदयपुर, त्रियुगा न.पा. वडा नं.११ वोक्से घर भई हाल जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा न- ३२ बस्ने बर्ष ३६ को एलिसन बस्नेत, जिल्ला बर्दिया ठाकुरबाबा न.पा. वडा नं. ३ घर भई का.म.न.पा. – ३२ पेप्सीकोला बस्ने बर्ष ४३ को सन्तोष कुमार शाह, जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा न-१ नारायणचौर नक्साल बस्ने बर्ष ४८ को भुपेश शेरचन , जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा न-३० ज्ञानेश्वर बस्ने बर्ष ४८ को अभिनास थपलियालाई लागू औषध कारोवारको योजना बनाई रहेको अवस्थामा नियन्त्रित मनोद्धिपक लागू औषध DIALEX-DC बोत्तल थान ६६०, नाईट्राभेट ११४० ट्याब्लेट , Spasmo-Proxyvon क्याप्सुल ३३० थान र नगद रू १ लाख सहित नियन्त्रण लिईएको र उक्त अवैध लागू औषध कारोवारमा



जिल्ला बाँके नेपालगंज उ.म.न.पा.वडा नं. ५ स्थायी  वतन भएका प्रहरी निरीक्षक बर्ष ४४ को रुद्र बहादुर शाही समेतको संलग्नता रहेको भन्ने खुल्न आएकोले निज रुद्र बहादुर शाहीलाई मिति २०७७।०३।११ गते काठमाण्डौ, महानगरपालिका वडा नं. ३१ स्थित आलोकनगर मिनभवनबाट नियन्त्रित मनोद्धिपक लागूऔषध DIALEX-DC १०० एम.एल. लेखिएको बोत्तल थान ७ , नाईट्राभेट ४६ ट्याब्लेट सहित नियन्त्रणमा लिईएको छ।

निजहरु उपर लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी यस व्यूरोबाट आवश्यक अनुसन्धान भईरहेको व्यहोरा छ ।

(निज ५ जना व्यक्तिहरुबाट कुल बरामद नियन्त्रित मनोद्धिपक लागू औषध (DIALEX-DC) बोत्तल थान ६६७ , नाईट्राभेट ११८६ ट्याब्लेट ,  Spasmo- Proxyvon  क्याप्सुल ३३० थान  र नगद  रु. नगद रू १ लाख रहेको)




## लागू पदार्थको नसा: जिवनको दशा

## ६. लागू औषध अफिम सहित १ जना मानिस पक्राउ

विशेष सूचनाको आधारमा लामो समय देखिको निग्रानी तथा सूचनाको विश्लेषण पश्चात लागूऔषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले मिति २०७७।०३।२१ गते जिल्ला मकवानपुर हेटौंडा उ.प.म.न.पा.वडा नं.११ थाना भन्याङ स्थित जिल्ला मकवानपुर राक्सिराङ गाउपालिका वडा नं.३ बस्ने बर्ष ३५ को पदम बहादुर थिङलाई लागू औषध कारोवारको योजना बनाई रहेको अवस्थामा **लागू औषध अफिम १ के.जि. ९५० ग्राम** सहित पक्राउ गरी आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरमा बुझाईएको ।

निज उपर लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता भई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट आवश्यक अनुसन्धान भईरहेको छ ।





लागू औषध त्यागौ: स्वस्थ्य र सुखी जिवन तर्फ लागौ

## ७. लागू औषध कारोवारी नक्कली नोट सहित पक्राउ




**१)** लागू औषध तथा नक्कली नोट कारोवार गर्दै छन् भन्ने विशेष सूचनाको आधारमा यस लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी अधिकृत समेतको टोलीले आज मिति २०७७/०४/०३ गते जिल्ला बारा महागढीमाई न.पा. -२ बरियापुर स्थित सडक किनारमा ना.५४ प.३८०५ नंम्बरको मोटरसाईकल सहित भारत जिल्ला मोतिहारी थाना मजौर पञ्चायत जमुनिया ग्राम कुरैया ठेगाना भएको बर्ष २५ को सुधिर कुमार कुशहवा,जिल्ला बारा सिम्रौनगढ न.पा वडा नं. ४ ठेगाना भएका बर्ष २६ को मनोज साह तेली र जिल्ला बारा आदर्श कोटवाल गा.पा. वडा नं. ६ पटेर्वा ठेगाना भएका बर्ष ३० को नरेन्द्र प्रसाद कुशहवा समेत तीनजना मानिसलाई फेला पारी नियन्त्रणमा लिई निजहरूको शरीर तथा मोटरसाईकलमा रहेको प्लाष्टिकको वोरा खानतलासी गर्दा लुकाई छिपाई राखिएको **अवैध नक्कली नेपाली रूपैंया** १००० दरको १४७० वटा, १०० दरको ७४४ वटा गरी जम्मा नेपाली रुपैया रु.१५,४४,४०० (पन्ध्र लाख चवालिस हजार चार सय रुपैया), त्यसै गरी **भारतीय नक्कली रुपैया** ५०० दरको २९७ थान र ५० दरको ७०३ थान गरी जम्मा भारतीय रुपैया रु. १,८३,६५० (एक लाख त्रियासी हजार छ सय पचास) फेला परेकोले उक्त नक्कली रुपैंया तथा ना. ५४ प. ३८०५ नं. को मोटरसाईकल समेत निम्न ठेगाना भएका तीन जना मानिसहरुलाई पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय बारामा बुझाईएको छ।



## ८. लागू औषध मेथएम्फेटामाईन (Methamphetamine, ICE) सहित मानिस पक्राउ

बिशेष सूचनाको आधारमा लामो  समय देखिको निग्रानी तथा सूचनाको विश्लेषण पश्चात लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय विराटनगर र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको संयुक्त प्रहरी टोलीले मिति २०७७/०४/१३ गते जिल्ला मोरङ विराटनगर उपमहानगर पालिका वडा नं.१४ स्थित वरगाढी चोकको सडकमा शंका लागी  चेकजाँच गर्दा को ३७प ८३१६ नंको मोटरसाईकलमा यात्रा गरी रहेको जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वडा  नं.८ सुन्दरहरैचा वस्ने वर्ष ४२ को राजन भन्ने राम प्रसाद पोख्रेलले बोकेको कालो झोला भित्रबाट लुकाई छिपाई राखिएको अवस्थामा अवैध लागू औषध **मेथएम्फेटामाईन "Methamphetamine" (ICE) ५३० ग्राम ९३ मिलि ग्राम** सहित पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय,मोरङमा बुझाइएको र निज उपर लागू औषध नियन्त्रण ऐन, २०३३ (संसोधन सहित) मुद्दा दर्ता भई जिल्ला प्रहरी कार्यालय मोरङमा आवश्यक अनुसन्धान भईरहेको छ।



## सारांश :-




लागूऔषधको समस्याले आज ब्यक्ति, परिवार, समाज र समग्र राष्ट्रलाई नै आक्रान्त पारेको छ। लागूऔषधको समस्या आज कुनै एक देशको परिधिभित्र मात्र सिमित नभ एर बिश्वकै साझा समस्याको रुपमा देखापरेको छ। नेपालको सन्दर्भमा लागूऔषधको सर्बेक्षण २०६९ र २०७६ अनुसार बार्षिक करिब ५.०६ प्रतिशतले लागूऔषध प्रयोगकर्ताहरुको संख्यामा बृद्दि भईरहेको छ भने कुल अपराधको ७ प्रतिशत अपराध लागू औषधसँग सम्बन्धित रहेको देखिन्छ। नेपाल प्रहरीको तथ्यांकलाई हेर्ने हो भने महिला तथा बाल बालिका बिरुद्द हुने घरलु हिंसा लगायतका बिभिन्न अपराधहरु, चोरी, लुटपाट, आगजनि, तोडफोड, अपहरण, कर्तब्यज्यान जस्ता जघन्य अपराधहरुको मूल जड पनि अधिकांश अबस्थामा लागूऔषध नै रहेको देखिन्छ।

लागूऔषधको खेति, उत्पादन, बेचबिखन, ओसारपसार र उपभोगलाई नियन्त्रण गर्न नेपाल सरकार गृह मन्त्रालय, नेपाल प्रहरी, लागूऔषध नियन्त्रण ब्यूरो, बिभिन्न सामाजिक सरकारी तथा गैर सरकारी संघ संस्था सबै आ-आफ्नो क्षेत्रमा निरन्नतर लागि रहँदा पनि लागू औषध दुर्ब्यसनको समस्याले समाजमा नराम्रो सँग जरा गाडेको देखिन्छ तसर्थ लागूऔषध अपराधलाई न्यूनिकरण गर्नको लागि हामी सबैले शुरुमै आ-आफ्नो घरमा लागूऔषध प्रबेश हुनबाट रोक्ने कार्य गर्न जरुरी छ। बिशेष गरि अभिभाबकहरुले आफ्ना छोराछोरीको गतिबिधिको बारेमा जानकारी राखि सकारात्मक अभिभाबकत्वको भुमिका निभाई समयमै सुझाउन सके लागूऔषध दुर्ब्यसन रोकथाममा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिन्थ्यो कि ?

•••

# लागूऔषध सम्बन्धी समस्या भए !

**सम्पर्क**

लागूऔषधको दुर्व्यसन, उत्पादन, ओसारपसार, संचय, बिक्रि बितरण गम्भीर अपराध हो। कतै तपाईको टोल क्षेत्रमा यस्ता अपराध भैरहेको तथा हुनसक्ने जानकारी भएमा तुरुन्त नजिकको प्रहरी कार्यालय वा लागू औषध नियन्त्रण व्यूरोमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं। तपाईले दिनु भएको सूचना गोप्य रहने छ।

**सम्पर्क न.**

**कार्यालय प्रमुख: ९८५१२८०१२४**

**सूचना अधिकारी: ९८५१२८०३७८**

# लागू औषध नियन्त्रण व्यूरो


**कोटेश्वर,काठमाण्डौं**

**फोन नं. :०१४६०१०४८, ९८५१२८५४८०**

***ई-मेल: ncb@nepalpolice.gov.np, ncbnepal@gmail.com***

***www.ncb.nepalpolice.gov.np***